

## आइची प्रहरीद्वारा जनहितमा जारी सूचना

# लागुपदार्थलाई नाइँ भनौं

कानुनत: लागुपदार्थहरु (जस्तै- उत्तेजना दिने औषधिहरु, नार्कोटिक्स, कोकिन, हेरोइन, MDMA, परिबर्तित रासायनिक पदार्थहरु, आदि) को प्रयोग वर्जित गरिएको छ ।

**लागुऔषध नियन्त्रणसम्बन्धि कानुनको उल्लंघन गर्नेलाई १० वर्षसम्मको कैद सजाय तोकिएको छ।**




### लागूऔषध को असरहरु

**दुर्व्यसनको लत बस्नु**

लागुपदार्थ सेवन गर्दा आनन्द हुने प्रभाब घट्दै जाँदा पिडा हुने भएकाले पिडाबाट छुटकारा पाउन पटक पटक सेवन गर्न मन लाग्ने हुन्छ।

**प्रतिरोधात्मक क्षमता**

पहिले लिईराखेको लागुपदार्थको मात्रा तपाईंको शरीरमा निष्प्रभावी हुदै जान्छ र शरीरले अझ बढी लागुपदार्थ सहनसक्ने बन्दैजान्छ अर्थात् तपाईंलाई अझ बढी लागुपदार्थ चाहिने बनाउछ।

**भ्रम,मतिभ्रम,दृष्टिभ्रम भ्रम**



तपाईं कुनै पनि कुराको बारेमा अति उत्सुक वा अति चिन्तित बन्नुहुन्छ।
कसैले आफुलाई चियाईरहेको जस्तो भान पर्छ ।

**ज्यादा पुनर्स्मरण हुनु**

लागु औषध छोडेपछि पनि तनाव र रक्सीले मतिभ्रम,दृष्टिभ्रम आदि पैदा गर्न सक्छ।

**लागुपदार्थको दुर्व्यसनले तपाईं आफ्नो बिचार ,मन, र जीवनबाट लुटिनुहुन्छ।**